ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था

प.सं. २०८२/८३ मिति :-२०८३/०२/२०
च.नं./क.स./१३६

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार, प्लाजा,
काठमाण्डौं, नेपाल ।

विषय:- वार्षिक साधारण सभा सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना पठाइएको सम्बन्धमा ।

महाशय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्था सञ्चालक समितिको मिति २०८३/०२/०३ गते विहान ७ : ०० बजे बसेको १७ औं बैठकको निर्णयानुसार यस संस्था र साविक समाज लघुवित्त वित्तीय संस्थासँग भएको मर्जर पछिको आ.व. २०८१/८२ को प्रथम वार्षिक साधारण सभा मिति २०८३/०३/१४ गते, आइतबार विहान ११:०० बजे भौतिक उपस्थिति र भर्चुअल/(Zoom) माध्यमबाट सिद्धार्थ कटेज रेष्टुरेन्ट, मिलन चोक, बुटवल-०९, रुपन्देहीमा बस्ने भएको हुँदा साधारण सभा सम्बन्धी मिति २०८३/०२/०८ गते प्रथम पटक गोरखापत्रमा प्रकाशित सूचना यस पूर्व पठाइएकोमा पुन: मिति २०८३/०२/२० गते दोस्रो पटक गोरखापत्रमा प्रकाशित सूचना यसै पत्रसाथ संलग्न गरी त्यहाँको जानकारीका लागि पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

**संलग्न**

दोस्रो पटक गोरखापत्रमा प्रकाशित वार्षिक साधारण सभाको सूचना पाना संख्या: ०१

भवदीय,

(श्याम कुमार कंटुवाल)
कम्पनी सचिव

**बोधार्थ**

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार-१५, ललितपुर ।
२. श्री नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौ ।
३. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाण्डौ ।
४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतली सडक, काठमाण्डौ ।
५. श्री कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौ ।
६. शेयर रजिष्ट्रार, श्री प्रभु क्यापिटल लि.कमलादी, काठमाण्डौ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग

## हुलाक निर्देशनालय, धनुषा, जनकपुरधाम, धनुषा

## बेरूजु रकम दाखिला गर्ने ३५ दिने सार्वजनिक सूचना !

**सूचना प्रकाशित मिति : २०८३।०२।२० गते**

यस हुलाक निर्देशनालय (साविक जिल्ला हुलाक कार्यालय) धुनषामा संचालित हुलाक बचत बैंक, धनुषाको रकम हिनामिना भएको भनी हुलाक सेवा विभाग बबरमहल, काठमाडौँको आ.व. २०८०/८१ को महालेखा परिक्षकको लेखा परिक्षणको अन्तिम प्रतिवेदन अनुसार रकम हिनामिना भएको भनी बेरुजु कायम हुन आएको र प्रतिवेदन अनुसार हिनामिनामा तपाईंको संलग्नता देखिएको हुँदा उक्त रकम असुल गरी बेरुजु फर्छ्यौट गरी सम्परिक्षणको लागि हुलाक सेवा विभाग बबरमहल, काठमाडौँमा प्रमाण पेश गर्नु/गराउनुहुन भनी लेखि आए अनुसार यस निर्देशनालयको प.सं. २०८२/८३ च.नं. ३०१ मिति २०८२।१०।०४ को पत्र हुलाक मार्फत पठाइएकोमा तपाई फेला नपरेको र तपाईंको एकाघर सगोलको जहान परिवारले समेत पत्र बुझ्न नमानी पत्र फिर्ता प्राप्त हुन आएको हुँदा हालसम्म बेरुजु रकम दाखिला हुन नआएको कारणले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत : सूचनाको म्यादभित्र बेरुजु रकम दाखिला नगरेमा बाँकी रकम नतिर्ने/नबुझाउने लगतवालाको तीन पुस्ते सहित नाम नामेसी विवरण कुमारी चौक तथा केन्द्रीय तहसिल कार्यालय बबरमहल, काठमाडौँमा पठाई सार्वजनिक गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ। **तपसिल**

| सि. नं. | नाम,थर र ठेगाना | तिनपुस्ते विवरण | विवरण | दाखिला गर्नुपर्ने रकम (ब्याज सहित) |
|---|---|---|---|---|
| १. | ना.सु. सुनिल कुमार दास मानसिंहपट्टी–१, टोल मनहरपुर हाल: जनकपुरधाम–१७, धनुषा, बसोबास : जनकपुरधाम उ.म.न.पा. १६, कपिलेश्वर, धनुषा | बाजे : असर्फी दास बुबा : हरिदेव दास आमा : अमिरकला देवी | आ.व. २०७०।१२।३० देखि २०८०।०१।०१ सम्म हुलाक बचत बैंक सम्बन्धी बेरुजु | २,००,२१,०९९.४८ (अक्षरुपी दुई करोड एक्काइस हजार उनान्सय र पैसा अड्चालीस) |

**हुलाक निर्देशक**

## ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

प्रधान कार्यालय, बुटवल–१०, कालिकानगर, रुपन्देही
फोन नं. ०७१–४३८९५१, ४३८९२९
Email: info@gblbs.com.np, URL: www.gblbs.com.np

## प्रथम वार्षिक साधारण सभा सम्बन्धी अत्यन्त जरुरी सूचना

**(प्रथम पटक गोरखापत्रमा प्रकाशित मिति : २०८३/०२/०८)**

यस संस्थाको मिति २०८३/०२/०३ गते बसेको सञ्चालक समितिको १७औं बैठकको निर्णयानुसार साविकको समाज लघुवित्त वित्तीय संस्थासँग भएको मर्जर पछिको संस्थाको प्रथम वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा भौतिक उपस्थिति र विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सञ्चालन हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा (६७) तथा संस्थाको नियमावलीको नियम (४) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८३ असार १४ गते आइतबार (तदनुसार जुन २८, २०२६)
**समय** : बिहान ११:०० बजे।
**स्थान** : सिद्धार्थ कटेज रेस्टुरेन्ट, मिलन चोक, बुटवल–९, रुपन्देही। साधारण सभा भौतिक उपस्थिति र विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सञ्चालन हुनेछ। साथै, साधारण सभाको भर्चुअल मिटिङको लिङ्क शेयरधनी महानुभावहरूले उपलब्ध गराएको इमेल ठेगानामा पठाइनेछ।

**छलफलका विषय सूचीहरू :**

**(क) साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने। साथै यसै वार्षिक प्रतिवेदनको खण्ड (ख) मा रहेको साविक समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको मर्जर पूर्वको संलग्न आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्बन्धित अनुसूचीहरू समेत पारित गर्ने।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आ.व. २०८२/८३ अवधिको र साविक समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०८२/८३, (२०८२ साउन १ गते देखि २०८२ कात्तिक ०१ गतेसम्म, मर्जर पूर्वको) समेत बाह्य लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. संस्थापक समूह (क) को (आ) बैंक तथा वित्तीय संस्थाहरू, कम्पनी, संस्था र शेयर सदस्यहरूको तर्फबाट प्रतिनिधित्व हुने गरी निर्वाचित कम्तीमा १ (एक) जना महिला सहित ३ (तीन) जना सञ्चालक चयन गर्ने।
५. सर्वसाधारण समूह (ख) का शेयरधनीहरूबाट निर्वाचित हुने २ (दुई) जना सञ्चालक चयन गर्ने।

**(ख) विशेष प्रस्ताव :**

१. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था र अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि मर्जर समिति गठन गर्ने, उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्श दाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने एवं अन्य वित्तीय संस्थाहरूको शाखाहरू खरिद तथा प्राप्ति गर्ने लगायतका कार्यहरूसँग सम्बन्धित आवश्यक कार्यहरू गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
२. नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशन लगायत अन्य कारणबाट संस्थाको प्रबन्ध पत्र तथा नियमावलीमा कुनै संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्नुपर्ने अवस्था भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

**(ग) विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :**

१. प्रथम वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८३/०२/२२ गते १ दिन यस वित्तीय संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ।
२. मिति २०८३/०२/२१ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई शेयर नामसारी भएका शेयरधनीहरू मात्र संस्थाको प्रथम वार्षिक साधारण सभामा सहभागी हुन योग्य हुनेछन्।
३. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरूले आफ्नो शेयर प्रमाणपत्र वा हितग्राही खाता नं. र शेयर सङ्ख्याको विवरण वा परिचय खुल्ने कुनै आधिकारिक प्रमाणपत्र सहित उपस्थितिको जानकारी सभा समक्ष गराउनुपर्नेछ। सङ्गठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा सङ्गठित संस्थाको आधिकारिक पत्र पेश गर्नुपर्नेछ। भौतिक रुपमा उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरू विद्युतीय/भर्चुअल (Zoom) माध्यमबाट साधारण सभामा सहभागी भइदिनुहुन अनुरोध छ।
४. विद्युतीय/भर्चुअल (Zoom) माध्यम मार्फत सहभागी हुन शेयरधनी महानुभावहरूलाई संस्थाको तर्फबाट User ID/Password उपलब्ध गराइनेछ। साधारण सभा शुरु हुनुभन्दा एक घण्टा अगावै विद्युतीय/भर्चुअल (Zoom) प्रणाली खुला गरिनेछ। सो समय अगावै सभामा सहभागी हुन चाहने शेयरधनीहरूले संस्थाबाट प्रदान गरिएको User ID र Password को माध्यमबाट Login गरी आफ्नो परिचय, शेयरधनी नं./हितग्राही खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी सभा समक्ष गराउनुपर्नेछ।
५. भर्चुअल माध्यमबाट सहभागी शेयरधनीहरूको हाजिरी निजहरू Login भएको देखिने गरी प्रमाणका निमित्त फोटो खिचेर तथा सभा सञ्चालन अवधिभरको भिडियो रेकर्ड गरेर राखिनेछ। यस किसिमको उपस्थितिलाई सभाहलमा उपस्थित भए सरहको मान्यता दिइनेछ।
६. विद्युतीय/भर्चुअल (Zoom) माध्यमबाट वार्षिक साधारण सभामा भाग लिँदा/प्रोक्सी दर्ता गर्दा आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
७. शेयरधनी महानुभावहरूले छलफलका विषयहरूमध्ये विविध शीर्षक अन्तर्गत वित्तीय संस्था सम्बन्धी केही जिज्ञासा भए साधारण सभा हुनुभन्दा ७ दिन अगावै कम्पनी सचिवको इमेल मार्फत सञ्चालक समितिका अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ। साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले संस्थाको अर्को शेयरधनीलाई तोकिएको ढाँचा (प्रोक्सी नियुक्तिको निवेदनको ढाँचा संस्थाको वेबसाइटमा राखिएको छ) बमोजिमको प्रोक्सी फाराम भरी प्रतिनिधि नियुक्त गरी सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८३/०३/१२ गते बिहान ११:०० बजेभित्र संस्थाको प्रधान कार्यालय, बुटवलमा दर्ता गराइसक्नुपर्नेछ।
८. संस्थाको शेयरधनी बाहेक अरुलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न पाइनेछैन, त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। रितपूर्वक नियुक्त भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र सभामा सहभागी गराइनेछ। साथै, संस्थामा कार्यरत कर्मचारीहरूले सञ्चालक उम्मेदवारको प्रस्तावक तथा समर्थक हुन र प्रतिनिधि भई प्रोक्सी लिन पाइनेछैन।
९. एकजना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा पहिलो प्रतिनिधि,(प्रोक्सी) लाई मान्यता दिइनेछ।
१० संयुक्त रूपमा शेयर खरिद गरेको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्वसम्मत रूपमा नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन्।
११. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरूको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम भएको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि नियुक्त गर्न पाउनेछन्।
१२. सङ्गठित संस्थाका शेयरधनी भएमा त्यस्ता सङ्गठित संस्थाहरूद्वारा मनोनित व्यक्तिले ल्याउने प्रतिनिधि (प्रोक्सी) फाराममा संस्थाको छाप भएको हुनुपर्नेछ।
१३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरूले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजेदेखि खुला रहनेछ।
१४. शेयरधनीहरूबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।
१५. शेयरधनी महानुभावहरूले कम्पनी ऐन, २०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०८१/८२ को वार्षिक वित्तीय विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरू संस्थाको वेबसाइट www.gblbs.com.np बाट प्राप्त गर्न सकिनेछ।
१६. शेयरधनी महानुभावहरूले संस्थाका कम्पनी सचिवको इमेल katuwalshyam63@gmail.com मार्फत समेत आफ्नो सुझाव तथा जिज्ञासा राख्न सक्नुहुनेछ।
१७. साधारण सभामा सहभागी भए वापत कुनै किसिमको खर्च रकम संस्थाले प्रदान गर्नेछैन। साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयभित्र संस्थाको प्रधान कार्यालयको फोन नं. ०७१–४३८९५२/४३८९५१ मा सम्पर्क राख्न सकिनेछ।

काठमाडौँ महानगरपालिका
यँ महानगरपालिका आफीस
नगर कार्यपालिकाको कार्यालय
वडा नं. ८, का.म.पा., जयबागेश्वरी, काठमाडौँ, बागमती प्रदेश, नेपाल

## ठेक्का रद्द गरिएको सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा मिति २०८१-०३-३१ मा प्रथम पटक गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार ठेक्का नं. 04/Ward8-KMC/080-081 (योजनाको नामः Relocation of MS Steel Bridge at Jayabageshwori, KMC-8) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (२) को खण्ड (ख) अनुसार सुविस्ताको आधारमा यस वडा कार्यालयको मिति २०८३/०२/०१ गते बसेको वडास्तरिय बैठकबाट ठेक्का रद्द गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**वडा सचिव**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग

## हुलाक निर्देशनालय, धनुषा, जनकपुरधाम, धनुषा

## धरौटी रकम दाबी गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८३।०२।२० गते**

यस हुलाक निर्देशनालय (साविक जिल्ला हुलाक कार्यालय) धनुषाको धरौटी खातामा रहेका देहाय बमोजिमको रकम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६८ तथा प्रचलित कानून बमोजिम सदर स्याहा गर्नुपर्ने भनी म.ले.प. को आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदनबाट बेरुजु भएकोले सम्बन्धित सङ्घ संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रमाण सहित रकम दाबी गर्न निवेदन दिनुहुन अनुरोध गरिन्छ। अन्यथा कानून बमोजिम राजस्व दाखिला गर्ने व्यहोरा जानकारी गराइन्छ। **तपसिल**

| क्र.सं. | नाम | रकम |
|---|---|---|
| १. | व्यास निर्माण सेवा | ४२,२१५/– |
| २. | भगवती कन्स्ट्रक्सन | १३,४२०/– |
| ३. | प्रमोद/पुष्पाञ्जली जे.भी. | ८,३९,८७३/– |
| ४. | ए.के. बिल्डर्स | १६,३४०/– |

हरिहरपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झनझने, सिन्धुली, बागमती प्रदेश, नेपाल

## आशय पत्रको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/२०**

यस कार्यालयबाट मिति २०८३/०२/०४ गते ई-बिडिङ मार्फत आह्वान गरिएको Mortuary freeze, post-Martem Equipment and surgical items खरिद (सिल्ड कोटेसन नम्बर 02/2082/083/SQ/GOODS/HRM) को रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक र आर्थिक मूल्याङ्कन अनुसार सन्जुश्री मेडिसिन सप्लायर्स प्रा.लि.काठमाडौँ महानगरपालिका वडा नं. ११ त्रिपुरेश्वरलाई जम्मा रु.११,४३,५६० (एघार लाख त्रिचालिस हजार पाँच सय साठ्ठी मात्र) मा यस कार्यालयबाट माग भएको योग्यताको सबै आधार पूरा भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## इन्टर्नेट (इमेल सहित) सेवाको अनुमतिपत्र स्वतः रद्द भएको सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२०**

नेपाल दूरसञ्चार प्राधिकरणबाट श्री टि.पि. लिंक नेटवर्क प्रा.लि. (T.P. Link Network Pvt. Ltd.), पोखरा उपमहानगरपालिका–८, कास्कीलाई मिति २०७३।०२।०७ मा प्रदान गरिएको इन्टर्नेट (इमेल सहित) सेवाको अनुमतिपत्र (अनुमतिपत्र नं. फि.ज. १–८४) नवीकरणका लागि तोकिएको समयावधिभित्र नियमानुसार निवेदन पेश नगरेकोले उक्त अनुमतिपत्र दूरसञ्चार ऐन, २०५३ को दफा २५(५) बमोजिम मिति २०८३।०२।०७ देखि स्वतः रद्द भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै यस प्रा.लि. ले नियमानुसार तिर्न/बुझाउनुपर्ने रकमका सम्बन्धमा यो सूचना जारी भएको मितिले ३० दिनभित्र यस कार्यालयमा सम्पर्क गर्न समेत सूचित गरिएको छ। अन्यथा प्रचलित कानून अनुसार कारबाही प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपाल दूरसञ्चार प्राधिकरण**
अनुमतिपत्र व्यवस्थापन शाखा
जमल, काठमाडौँ।
फोन नं. ९७७–०१–५३५५४७४
**Email :** ntra@nta.gov.np, **URL :** www.nta.gov.np

पृष्ठ ८ को बाँकी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८६ | ०७९-TM-०८२३ | APEDA | सगरमाथा एग्रो ट्रेडिङ्ग प्रा.लि. वीरगञ्ज पर्सा | दाबी विरोध | ८४४८२ | TIBAR 1121 |
| ८७ | ०७९-TM-०८२४ | APEDA | सगरमाथा एग्रो ट्रेडिङ्ग प्रा.लि. वीरगञ्ज पर्सा | दाबी विरोध | ८४४८१ | DURBAR 1121 |
| ८८ | ०७९-TM-०८३० | श्याम प्रोडक्टस | फाइन सुपर कलर इण्डष्ट्रिज वीरगञ्ज म.न.पा.पर्सा | ट्रेडमार्क नक्कल | ५४५१७ | एफ एस सि को डमरु |
| ८९ | ०७९-TM-०८३२ | pepsi co inc | Dj chips industries पुनरवास कन्चनपुर | दाबी विरोध | ९३३९२ | DJ CHIPS INDUSTRIES (and logo) |
| ९० | ०७९-TM-०८३३ | कृष्ण पाउरोटी भण्डार प्रा.लि. | कृष्ण बर्गर क्याफे का.म.न.पा. २८ कमलपोखरी काठमाडौँ | दाबी विरोध | ८२१०८ | KRISHNA (and logo) |
| ९१ | ०७९-TM-०८३४ | हाइल्याड डिष्टिलरी प्रा.लि. | मनकामना डिष्टिलरी गैँडाकोट ७ नवलपरासी | दाबी विरोध | ९३९७४ | VEGGLE (and logo) |
| ९२ | ०७९-TM-०८३८ | विकास फ्लोल मिल प्रा.लि. | वैभव फ्लोल मिल जनकपुर ११ धनुषा | दाबी विरोध | ९३०८४ | BIABHAB GYANJOTI (and logo) |
| ९३ | ०७९-TM-०८३९ | श्रीराम टोवाको उद्योग प्रा.लि. रुपन्देही | नारायण राज प्रोडक्ट प्रा.लि. बिर्तामोड न.पा. १, झापा | दाबी विरोध | ३६७५५ | BHOLA GOLD GUTKHA (and logo) |
| ९४ | ०७९-TM-०८४० | shiridi industries ltd India | हाइ हिमालयन मल्टिप्रपोज कम्पनी प्रा.लि., पनौति २, काभ्रेपलाञ्चोक | दाबी विरोध | ६२९५५ | ASIS LAM (L) |
| ९५ | ०७९-TM-०८४७ | mr. chutaram nemaram genlot | समिरा सप एण्ड इण्डष्ट्रिज प्रा.लि. सूर्यविनायक न.पा. १ भक्तपुर | दाबी विरोध | ९४७९९ | KU KU (and logo) |
| ९६ | ०७९-TM-०८५३ | अभनिश डिष्टिलरी प्रा.लि. | फिनिक्स डिष्टिलरी प्रा.लि. मकवानपुरगढी गा.पा. ३ . मकवानपुर | दाबी विरोध | ८६५८२ | THE GORKHA BRIDAGE |
| ९७ | ०७९-TM-०८५४ | अभनिश डिष्टिलरी प्रा.लि. | फिनिक्स डिष्टिलरी प्रा.लि. मकवानपुरगढी गा.पा. ३ . मकवानपुर | दाबी विरोध | ८६५७९ | GORKHA 1815 |
| ९८ | ०७९-TM-०८६४ | The coca-cola company | वर्ड मार्फा व्राण्डी उद्योग मार्फा २ मुस्ताङ | दाबी विरोध | ९४७८८ | LIMPA APRICOT BRANDY (and logo) |
| ९९ | ०७९-TM-०८६७ | Red bull AG | फ्रुट एग्रो प्रडक्ट प्रा.लि. अर्जुनधारा ५ झापा | दाबी विरोध | ९५८५८ | BLUE BOSS ENERGY DRINKS (and logo) |
| १०० | ०७९-TM-०८६८ | Reckitt & colman overseas hygiene ltd | जय श्री पाथिभरा हाइजिन प्रा.लि. का.म.न.पा. ३१ काठमाडौँ | दाबी विरोध | ९५३९ | GENTA PHENYALE (and logo) |
| १०१ | ०७९-TM-०८६९ | Reckitt & colman overseas hygiene ltd | जय श्री पाथिभरा हाइजिन प्रा.लि. काठमाडौँ का.म.न.पा. ३२ | दाबी विरोध | ९५२४० | JSPH COLINE (and logo) |
| १०२ | ०७९-TM-०८७० | Reckitt Benckiser (india) pvt. ltd | जय श्री पाथिभरा हाइजिन प्रा.लि. का.म.न.पा. ३३ काठमाडौँ | दाबी विरोध | ९५२४० | JSPH COLINE (and logo) |
| १०३ | ०७९-TM-०८७७ | हाइल्याड डिष्टिलरी प्रा.लि. | फिनिक्स डिष्टिलरी प्रा.लि. मकवानपुरगढी गा.पा. ३ . मकवानपुर | दाबी विरोध | ९५३९९ | SECRET VALLEY OF YETI (and logo) |
| १०४ | ०७९-TM-०८७८ | अभनिश डिष्टिलरी प्रा.लि. | फिनिक्स डिष्टिलरी प्रा.लि. मकवानपुरगढी गा.पा. ३, मकवानपुर | दाबी विरोध | ९५४०३ | 1815 GORKHA (and logo) |
| १०५ | ०७९-TM-०९०० | हकिन्स कुकर प्रा.लि. भारत | टिनाउ टप किचेन इण्डष्ट्रिज रुपन्देही तिलोतमा१ | ट्रेडमार्क नक्कल | | हेभि वेस |
| १०६ | ०७९-TM-०९०१ | श्रीराम टोवाको उद्योग प्रा.लि. रुपन्देही | पुजा सुर्ति उद्योग ललितपुर म.न.पा. २ धापाखेल ललितपुर | ट्रेडमार्क दाबी विरोध | ९६५३६ | CONNECT SUPER POWER (and logo) |
| १०७ | ०७९-TM-०९०६ | Spyder active sports Inc | Ariniko Garments pvt.ltdl सूर्यविनायक ६ भक्तपुर | ट्रेडमार्क दाबी विरोध | ९६०५७ | SPYDER (and logo) |
| १०८ | ०७९-TM-०९०७ | Kraft foods group brands LLC USA | ओम विश विनायक फुड प्रा.लि. रुपन्देही तिलोत्तमा १७ | ट्रेडमार्क दाबी विरोध | ९६३३६ | AGENO (and logo) |
| १०९ | ०७९-TM-०९०९ | अभनिश डिष्टिलरी प्रा.लि. | फिनिक्स डिष्टिलरी प्रा.लि. मकवानपुरगढी गा.पा. ३ . मकवानपुर | ट्रेडमार्क दाबी विरोध | ९६९९८ | GORKHA 1815 (and logo) |
| ११० | ०७९-TM-०९१० | अभनिश डिष्टिलरी प्रा.लि. | प्योर जोय प्रा.लि. ललितपुर म.न.पा.२४ ललितपुर | ट्रेडमार्क दाबी विरोध | ९६८४१ | MIKLA JUNG |
| १११ | ०७९-TM-०९२२ | pepsi co inc | ओम साई फुड्स प्रा.लि. तिलोतमा १५ रुपन्देही | ट्रेडमार्क दाबी विरोध | ९७७१० | OSF LIPS TASTE (and logo) |
| ११२ | ०७९-TM-०९२३ | देवचुली डिष्टिलरी प्रा.लि. | गुराँस डिष्टिलरी प्रा.लि. शिवराज न.पा. १० कपिलवस्तु | ट्रेडमार्क आवेदन खारेज | ९७१७४ | PREETI |
| ११३ | ०७९-TM-०९२४ | outfit7 limited uk | नौलो खाद्य उद्योग भरतपुर चितवन | ट्रेडमार्क दाबी विरोध | ६७४७६ | KING CORN CHHAKKA CHAUKA A(and logo) |
| ११४ | ०८०-TM-०९३१ | tata sons pvt.ltd | सुलभ प्याकेजीङ्ग धनुषा क्षिरेश्वरनाथ न.पा. ५ धनुषा | ट्रेडमार्क दाबी विरोध | ९७२५५ | SUPER TATA SAFECRETE (and logo) |
| ११५ | ०८०-TM-०९४० | टाइगर व्रुअरी इण्डष्ट्रिज | nham thai hong phuong Viet Nam | ट्रेडमार्क दाबी विरोध | ९५१२३ | TWO RED TIGER |
| ११६ | ०८०-TM-०९४१ | टाइगर व्रुअरी इण्डष्ट्रिज | nham thai hong phuong Viet Nam | ट्रेडमार्क दाबी विरोध | ९५१२२ | RED TIGER (and logo |
| ११७ | ०८०-TM-०९४७ | sunil bawa c20Z anand | bankerz life style inc India | प्रमाणपत्र बदर | | BONKERS CORNER |
| ११८ | ०८०-TM-०९४८ | एग्रो थाई फुड्स प्रा.लि. | nham thai hong phuong Viet Nam | ट्रेडमार्क दाबी विरोध | ९५१२२ | RED TIGER (and logo |
| ११९ | ०८०-TM-०९६२ | युनाइटेड व्रुअरिज लि. | माउण्ट एभरेष्ट व्रुअरी का.म.न.पा.३१ काठमाडौँ | हर्जना रकम भराई सजाय समेत गरिपाऊँ | | KINGFISHER |
| १२० | ०८०-TM-०९६८ | Agricultar and processed Food products exports development authority (APEDA) | नौलो खाद्य उद्योग भरतपुर चितवन | ट्रेडमार्क दाबी विरोध | ७८८४० | MANANG (and logo) |
| १२१ | ०८०-TM-०९५३ | Red bull AG | nham thai hong phuong Viet Nam | ट्रेडमार्क दाबी विरोध | ९५१२२ | RED TIGER (and logo |
| १२२ | ०८०-TM-०९५४ | Red bull AG | nham thai hong phuong Viet Nam | ट्रेडमार्क दाबी विरोध | ९५१२३ | TWO RED TIGER |
| १२३ | ०८०-TM-०९६३ | Reckitt & colman (overseas) hygiene home | श्री आदि शक्ति केमिकल इण्डष्ट्रिज प्रा.लि. जनकपुर १६ धनुषा | ट्रेडमार्क दाबी विरोध | ९८७४७ | AADI SHAKTI NO.1 (and logo) |
| १२४ | ०८०-TM-०९६६ | scotch whisky association uk | वायोटेक डिष्टिलरी प्रसौनी ३ बारा | ट्रेडमार्क दाबी विरोध | ९९८५६ | ROYAL LEGANCY (and logo) |
| १२५ | ०८०-TM-०९७३ | के एन पी जापान प्रा.लि. | shalimar incense pvt.ltd. भारत | ट्रेडमार्क दाबी विरोध | ९८६८२ | SHALIMAR LEGACY OF FRAGRANCE (and logo) |
| १२६ | ०८०-TM-०९७६ | सोम फ्राग्रान्सेस प्रा.लि. | श्याम बाबा प्रडक्टस प्रा.लि. नेपालगञ्ज उप.म.न.पा. ६, बाँके | ट्रेडमार्क दाबी विरोध | १०३४०५ | SSB SIGGNATURE (and logo) |
| १२७ | ०८०-TM-०९९४ | सुजल फुड्स प्रा.लि. | न्यू पुजा कन्फेक्सनरी उद्योग तिलोतमा १५ रुपन्देही | ट्रेडमार्क संरक्षण | | LACTO MILK (LABEL) |
| १२८ | ०८०-TM-०९९५ | टाइगर व्रुअरी इण्डष्ट्रिज | ओम व्रुअरी प्रा.लि. कटहरिया न.पा.९ रौतहट | ट्रेडमार्क दाबी विरोध | १०४२८९ | TARAI TIGER (and logo) |
| १२९ | ०८०-TM-१०१० | वर्दिया डिष्ट्रिलरी प्रा.लि. | छिन्नमस्ता डिष्टिलरी प्रा.लि. बैंगाशिपुर जनकपुर धनुषा | ट्रेडमार्क नक्कल | | BRIX |
| १३० | ०८०-TM-१०२९ | यशोदा फुड्स प्रा.लि. | सि जि फुड्स प्रा.लि. ललितपुर म.न.पा. २ ललितपुर | ट्रेडमार्क दाबी विरोध | ९८१८९ | WAI WAI CURRIEZ (and logo) |
| १३१ | ०८०-TM-१०३२ | RSPL Health Pvt.ltd. | सोनाको सोप इण्डष्ट्रिज प्रालि. खजुरा ४ बाँके | ट्रेडमार्क दाबी विरोध | १०८७५९ | GHANTI |
| १३२ | ०८०-TM-१०३३ | RSPL Health Pvt.ltd. | सोनाको सोप इण्डष्ट्रिज प्रा.लि. खजुरा ५ बाँके | ट्रेडमार्क दाबी विरोध | १०५०८० | GHANTI (and logo) |
| १३३ | ०८०-TM-१०३४ | RSPL Health Pvt.ltd. | सन्ध्या सोप एण्ड केमिकल इण्डष्ट्रिज चन्द्रपुर न.पा. ६ रौतहट | ट्रेडमार्क दाबी विरोध | १०४७६० | SUPER SANDHYA |
| १३४ | ०८०-TM-१०५० | Red bull AG | Fruit Agro products pvt.ltd. Jhapa | ट्रेडमार्क दाबी विरोध | ८८२८३ | ATM BULL (and logo) |
| १३५ | ०८०-TM-१०४९ | crocodile international pte.ltd. | दिलिप लगेज फिटिङ इण्डष्ट्रिज का.म.न.पा. १८ काठमाडौँ | ट्रेडमार्क दाबी विरोध | १०६८७६ | CROCONITE (and logo) |
| १३६ | ०८०-TM-१०४८ | crocodile international pte.ltd. | दिलिप लगेज फिटिङ इण्डष्ट्रिज का.म.न.पा. १८ काठमाडौँ | ट्रेडमार्क दाबी विरोध | १०६८७७ | CROCONITE WORLD WIDE (and logo) |
| १३७ | ०८०-TM-१०५० | Red bull AG | फ्रुट एग्रो प्रडक्ट प्रा.लि. झापा अर्जुनधारा ५ | ट्रेडमार्क दाबी विरोध | ८८२८३ | ATM BULL (and logo) |
| १३८ | ०८०-TM-१०५१ | AGRICULTURAL and PROCESSED FOOD PRODUCTS EXPORTS DEVELOPMENT AUTHORITY (APEDA) | सगरमाथा एग्रो ट्रेडिङ्ग प्रा.लि. वीरगञ्ज पर्सा | ट्रेडमार्क दाबी विरोध | ८२६७३ | DOODHMALAI (and logo) |